# माङसेबुङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### इभाङ्ग, इलाम १ न. प्रदेश, नेपाल

## आन्तारिक आय संकलन गर्ने/उठाउने ठेक्का बन्दोबस्त सम्बन्धी शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति: २०७६/५/३१)

स्थानीय सरकार संचालन ऐन २०७४ मा गाउँपालिकाले आफनो क्षेत्र भित्र आन्तारिक आय संकलन गर्ने सक्ने प्रावधान भए बमोजिम यस माङसेबुङ गाउँपालिकाद्धारा आ ब ०७६।७७ का लागि आन्तरीक आय संकलन गरी उठाउने प्रयोजनका लागि आन्तरीक आयको ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकाले तपशील बमोजिम उल्लेखित न्यूनतम ठेक्का अंकमा नघटने गरी इच्छुक नेपाली नागरिक, फर्म वा कम्पनीहरुबाट निम्न बमोजिमको रित पुऱ्याई उल्लेखित समयावधि भित्र शिलबन्दी बोलपत्र पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि सुचना प्रकाशित गरिन्छ ।

| क्र. स. | आन्तरीक आय ठेक्का संकेत नं. | ठेक्काको क्षेत्र | ठेक्काको विवरण | न्यूनतम ठेक्का रकम (म.अ. कर बाहेक) | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|
| १ | आय १/०७६/०७७ | माङसेबुङ गाउँपालिकाका सबै नाकाहरु | निकासी कर संकलन कार्य | ३०,००,०००।० (तीस लाख) | ३०००।० (तीन हजार) |

१. बोलपत्र फाराम फर्म दर्ता प्रमाण पत्र, नविकरण भएको प्रमाण-पत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण-पत्र तथा आ.व.०७५/०७६ सम्मको कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी पेश गरी सूचनामा उल्लेखित मिति, समय र स्थानमा सूचना प्रकाशित भएको मितिले १५ औं दिनको समयमा यस कार्यालयको नाममा सिटिजन्स् बैंक इन्टरनेशनल लि. माङसेबुङ शाखामा रहेको **सञ्चित कोष खाता नं** 0690100000026201 मा बोलपत्र फारम दस्तुर दाखिला गरेको सक्कल भौचर संलग्न राखी खरिद गरि १६ औ दिनको १२:०० बजे भित्र नेपाली नागरिक भए आफूले कबोल गरेको ठेक्का अंक (मु. अ. कर सहित) को ५% र गैर नेपाली नागरिक भए १0% धरौटी रकम यस कार्यालयको नाममा सिटिजन्स् बैंक इन्टरनेशनल लि. माङसेबुङ शाखामा रहेको **धरौटी खाता नं** 0690100000029201 मा दाखिला गरेको सक्कल भौचर वा बोलपत्र दर्ता गर्ने अन्तिम मितिबाट नेपाल राष्ट्र वैंकवाट मान्यता प्राप्त (क) वर्गको बाणिज्य वैकले जारी गरेको कम्तिमा १२० दिनको म्याद भएको जमानत पत्र (विडवण्ड) शिलबन्दी बोलपत्रसाथ संलग्न राखी पेश गर्नु पर्नेछ ।

३. रितपुर्वक दाखिला भएका बोलपत्रहरु नजिकको कार्यालय प्रतिनिधि र बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहेवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

४. रित नपुगी म्याद नाघी आएको वा कुनै शर्त राखी आएका बोलपत्रहरु उपर कुनै कारवाही गरिने छैन । गाउँपालिकालाई तिर्न बुझाउन बांकी बक्यौता रहेका व्यक्ति, कम्पनी वा फर्मलाई ठेक्का प्रकृयामा संलग्न गरिने छैन ।

६. स्वीकृत बोलपत्रदाताले कबोल बमोजिमको बार्षिक ठेक्का रकम एकमुष्ट बुझाएमा १० प्रतिशत रकम छुट दिन सकिनेछ । स्वीकृत बोलपत्रदाताले किस्ताबन्दिमा रकम बुझाउन चाहेमा कबोल अंकको ४० (चालीस) प्रतिशतले हुन आउने रकम स्थानीय सञ्चित कोष खातामा जम्मा गरी बांकी ६० रकम प्रतिशत बराबरको ठेक्का सम्झौता अबधिसम्मको समयावधि भएको बाणिज्य बैंकको कार्य सम्पादन जमानत पेश गरेपछि मात्र सम्झौता गरिनेछ । दोस्रो किस्ता कबोल अंकको ३० प्रतिशतले हुने रकम माघ मसान्तभित्र र अन्तिम किस्ता कबोल अंकको ३० प्रतिशतले हुने रकम बैशाख मसान्तभित्र कार्यालयमा जम्मा गरी सक्नु पर्नेछ ।

७. कुनै कारण देखाई वा नदेखाई ठेक्का स्वीकृती गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस गाउँ कार्यपालिकामा सुरक्षित रहनेछ । तर कुनै किसिमको परिस्थिती देखाई ठेक्का रकम छुट वा मिनाहा सम्बन्धि माग कार्यालयलाई स्वीकार्य हुनेछैन ।

८. ठेक्का रकम असुली सम्बन्धि प्रशासनीक खर्च ठेकेदार आफैंले बेहोर्नु पर्नेछ र प्रचलित कानुन बमोजिम लाग्ने कर दस्तुर आदी बुझाउनु पर्ने दायित्व ठेकेदारको हुनेछ । कर असुली गर्न नगदी रसिद ठेकेदारले आफनो तर्फबाट छपाई यस कार्यालयबाट प्रमाणित गराएर मात्र प्रयोगमा ल्याउनु पर्ने छ ।

९. बोलपत्र खरिद र दाखिला गर्ने अन्तीम दिन सार्वजानिक बिदा परेमा सोको भोली पल्ट तोकिएको समय भित्र खरिद तथा दालिखा गर्न सकिने छ ।

१०. बोलपत्र फारममा कबोल रकम अंक र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ ।

१३. अन्य शर्तको हकमा प्रचलीत ऐन कानुन बमोजिम हुनेछ ।

१४. अन्य विस्तृत जानकारीका लागि यस कार्यालयमा कार्यालय समय भित्र सर्म्पक राख्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत